# ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**प्रस्तावनाः** ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लगाउने सम्वन्धमा भएको व्यवस्थालाई सरलीकृत गरी प्रक्रियागत स्पष्टता, पारदर्शी एवं अनुमानयोग्य बनाई कर कानूनको परिपालनाका साथै कर सहभागिता सुनिश्चित गर्न,

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस निर्देशिकाको नाम "ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले कर प्रयोजनको लागि नेपाल सरकारले तोकेको कार्यालय समेतलाई सम्झनु पर्छ।

(ग) "कारोबार" भन्नाले ढुवानीको साधनबाट ढुवानी सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ।

(घ) "ढुवानीको साधन" भन्नाले ट्रक, ट्याङ्कर, हवाईजहाज, हेलिकप्टर, रोपवे, केवलकार, रज्जुमार्ग, जल यातायात, जनावर मार्फत वा अन्य कुनै किसिमले सेवा शुल्क लिई मालसामान ढुवानी गर्ने साधनलाई सम्झनु पर्छ।

(ङ) "ढुवानी व्यवसायी" भन्नाले विभिन्न ढुवानीको साधनबाट मालसामानको ओसार पसार कार्यमा प्रत्यक्ष संलग्न रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले फ्रेट फरवार्डर र कार्गो व्यवसायी समेतलाई सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ सम्झनु पर्छ।

(छ) "बीजक" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ बमोजिमको कर बीजक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनुपर्छ ।

(झ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(ञ) "व्यक्ति" भन्नाले स्थायी लेखा नम्बर लिई वा नलिई व्यवसायिक कारोबारमा संलग्न प्राकृतिक व्यक्ति वा कानून बमोजिम दर्ता भएका संस्था, फर्म वा कम्पनी समेत सम्झनु पर्छ।

(ट) "सेवा" भन्नाले वस्तु बाहेकको जुनसुकै कुरा सम्झनु पर्छ।

(ठ) "सेवा शुल्क" भन्नाले कुनै ढुवानी व्यवसायीले उपलब्ध गराएको ढुवानी सेवा वा ढुवानी कार्य बापत निजलाई प्रचलित कानून बमोजिम भुक्तानी गरिने बजार मूल्य अनुसार कुनै शुल्क सम्झनु पर्छ।

३. **<u>मूल्य अभिवृद्धि करमा दर्ता:</u>** (१) ढुवानीको साधनबाट माल वस्तुको ओसार पसार कार्यमा प्रत्यक्ष संलग्न कुनै व्यक्तिको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम वार्षिक कारोबार पचास लाख रुपैयाँ नाघ्ने अनुमान गर्न सकिने अवस्था भएमा त्यस्तो अवस्था खुलाई दर्ताको लागि सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारोबारको अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबार पचास लाख रुपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र दर्ताको लागि सम्बन्धित कार्यालयमा नै निवेदन दिनुपर्नेछ।

(३) विगत बाह्र महिना अवधिको कारोबार पचास लाख रुपैयाँभन्दा कम हुने ढुवानी व्यवसायीले स्वेच्छाले दर्ता हुन चाहेमा वाहेक मूल्य अभिवृद्धि करमा दर्ता नगरी कारोबार गर्न सक्नेछ।

तर त्यस वापत स्थायी लेखा नम्बर लिनु पर्नेछ।

(४) ढुवानी साधनका धनीले ढुवानी सेवा आफैंले सञ्चालन नगरी सम्झौ**ता गरी** वा नगरी अन्य व्यक्ति वा संस्थालाई भाडामा प्रयोग गर्न दिएको अवस्थामा त्यस्तो भाडा रकम विगत बाह्र महिनाको अवधिमा पचास लाख रुपैयाँभन्दा बढी भएमा ढुवानी सेवा भाडामा दिने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ।

(५) उपदफा **(४)** बमोजिम ढुवानी सेवा भाडामा दिएको अवस्थामा ढुवानी साधन भाडामा लिने व्यक्तिले दर्ता हुनुपर्ने सीमाभन्दा बढीको कारोबार गरेमा भाडामा लिने व्यक्ति पनि मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।

**(६)** साविकमा प्राकृतिक व्यक्तिको नाममा प्रोप्राइटरशिप फर्म दर्ता गरी स्थायी लेखा नम्बर लिएर व्यवसाय गरिरहेका व्यक्तिको हकमा निजको नाममा अतिरिक्त कारोबार थप गर्नका लागि ढुवानी साधनको दर्ताको प्रमाणपत्र संलग्न गरी अतिरिक्त कारोबारको रुपमा समावेश गरिदिन सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम दिएको निवेदनको आधारमा सम्बन्धित कार्यालयले अतिरिक्त कारोबार थप गर्नु पर्नेछ। यस्तो अतिरिक्त कारोबारको समेत एउटै स्थायी लेखा नम्बरमा आय तथा खर्च लेखाङ्कन गर्नु पर्नेछ।

४. **<u>बीजक जारी गर्ने:</u> (१)** मूल्य अभिवृद्धि करमा दर्ता भएको ढुवानी व्यवसायीले ऐनको दफा ५ बमोजिमको कारोबारमा दफा १४ बमोजिम कर बीजक जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर बीजक जारी गर्दा मालवस्तु आयातको हकमा नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता भएको ढुवानी व्यवसायीले नेपाली आयातकर्ताको तर्फबाट विदेशी भूमिदेखि आयातकर्ताको कारोबारस्थलसम्म नै ढुवानी कार्य गरिदिने भएमा नेपालको भन्सार विन्दूदेखि आयातकर्ताको कारोबारस्थलसम्म गरिने ढुवानी सेवा वापतको रकममा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ।

तर निर्यातको हकमा निर्यातकर्ताको कारोबारस्थलदेखि भन्सार विन्दुसम्म गरिने ढुवानी सेवा बापतको रकममा मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने छैन।

(३) उपदफा (१) बमोजिम बीजक जारी गर्दा ढुवानी व्यवसायीले आफ्नो मुख्य कार्यालयबाट बीजक जारी गर्नु पर्नेछ।

**तर** नेपालभित्रको विभिन्न स्थानमा ढुवानीको कार्य गर्न शाखा खोलिएको भएमा शाखा कार्यालयबाट बीजक जारी गर्न बाधा पर्नेछैन।

**(४)** यस दफा बमोजिम बीजक जारी गर्दा सम्बन्धित कार्यालयको स्वीकृतिमा विद्युतीय माध्यमबाट समेत बीजक जारी गर्न र ढुवानीको साधनमा नै बीजकको ठेली राखी बीजक जारी गर्न पनि सकिनेछ। त्यस्तो बीजकमा ढुवानीको साधन नम्बर अनिवार्य रूपमा उल्लेख भएको हुनु पर्नेछ।

**(५)** बीजक जारी गर्दा कुन कुन क्रम संख्याको बीजक कुन ढुवानीको साधनमा रहेको छ भन्ने स्पष्ट खुल्ने विवरण अद्यावधिक गरी मुख्य कार्यालयमा राख्नु पर्नेछ र सोको विवरण सम्बन्धित कार्यालयमा समेत दिनु पर्नेछ।

५. **दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गर्दा लाग्ने मूल्य अभिवृद्धि कर दाखिल गर्नु पर्ने:** **(१)** मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिवाट ढुवानी साधन भाडामा लिने वा ढुवानी सेवा प्राप्त गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर लाग्ने मूल्यमा भुक्तानीको समय वा सेवा प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सो समयमा अनुसूची बमोजिमको फारम भरी मूल्य अभिवृद्धि कर निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ।

(२) नेपालभित्र विदेशी सेवा प्रदायकबाट मालसामान ढुवानी गराउने व्यक्तिले त्यस्तो सेवा वापतको रकम भुक्तानी गर्दा वा सेवा प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सो समयमा कर लाग्ने मूल्यमा कर निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित कार्यालयमा दाखिल गर्नु पर्नेछ।

**(३)** उपदफा (१) र (२) बमोजिमको कर खरिद खातामा प्रविष्ट गरी कर कट्टी दावी गर्न पाइनेछ। यसरी दावी गर्दा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तु तथा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले खर्च कट्टी दावी गर्न पाउनेछ।

६. **विवरणको दाखिला:** ऐनको दफा १८ बमोजिम पेश गर्नुपर्ने कर विवरण एक करोड रुपैयाँसम्म वार्षिक कारोबार हुने ढुवानी सेवाको हकमा चौमासिक रुपमा पेश गर्न दाखिला गर्न सकिनेछ। सो भन्दा बढी कारोबार हुनेको हकमा सो को विवरण मासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

७. **विभागले आवश्यक निर्णय गर्न सक्ने:** यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै समस्या परेमा ऐन, नियमावली र यस निर्देशिकाको भावना प्रतिकूल नहुने गरी विभागले आवश्यक निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

८. **खारेजी र बचाउ:** (१) ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्ने सम्बन्धी निर्देशिका, २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची

<u>वेदर्तावालको मूल्य अभिवृद्धि कर फारम</u>

नामः......................................

ठेगानाः...............................

स्थायी लेखा नं. ......................... मितिः

रिभर्स मूल्य अभिवृद्धि कर फारम नम्वरः ........................

सेवा उपलब्ध गराउने व्यक्तिको नामः ...........................

सेवा उपलब्ध गराउने व्यक्तिको स्थायी लेखा नं. ......................

ढुवानीको साधन नं. ........................

सेवा बापतको मूल्य रु. ..........................

१३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ...............

| | |
|---|---|
| सेवा उपलब्ध गराउने व्यक्तिको दस्तखत | सेवा प्रापकको दस्तखत |
| .......................................... | .......................................... |
| नाम थरः | नाम थरः |
| मितिः | मितिः |